छिन्नमस्ता गाउँपालिका

Chhinnamasta Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

छिन्नमस्ता , सप्तरी

Chhinnamasta, Saptari

मधेश प्रदेश नेपाल

Madhesh Province, Nepal

Contact No.:-9852821567

Website:-www.chhinnamastamun.gov.np

Email Address :-chhinnamasta.rmo.saptari@gmail.com


प.स.(Letter.No.):२०८२/०८३

मिति(Date):२०८२/०४/१३

# प्रेस बिज्ञप्ति

बिषय : जानकारी गराएको ।

श्री सरोकारवाला सबै ।

मिति २०८२ साउन ८ गते राति छिन्नमस्ता गाउँपालिका-६ अन्तर्गतको कोचाबखारी गाउँमा भारतीय हातहतियारधारी व्यक्तिहरूले गाउँमा प्रवेश गरी स्थानीयहरूलाई कुटपिट गर्दै घरघर तलासी लिएको भन्ने आशयका समाचारहरू केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक भएकोप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त घटनाबारे प्राप्त विवरणहरूका अनुसार, सो दिन साँझ सखडा भगवती मन्दिरमा दर्शन गरेर फर्किरहेका भारतीय नम्बर प्लेटको स्कार्पियोमा सवार ५/६ जना श्रद्धालुहरू बाटो बिराई करिब राति १०:३० बजेतिर कोचाबखारी गाउँमा प्रवेश गरेका थिए। अपरिचित गाडी देखिएपछि केही स्थानीय बासिन्दाबीच शंका उत्पन्न भई सोधपुछका क्रममा सामान्य भनाभन भएको बुझिएको छ। उक्त समयमै नजिकै गस्तीमा खटिएको नेपाल प्रहरीको टोली तुरुन्तै घटनास्थलमा पुगेको र स्थिति तत्काल सामान्य बनाएको जानकारी प्राप्त भएको छ। ती भारतीय यात्रुहरूसँग कुनै प्रकारको हातहतियार फेला नपरेको र कुनै स्थानीय बासिन्दालाई दुर्व्यवहार, कुटपिट वा जवरजस्ती नगरीएको बुझिएको छ। घटनापछि सीमावर्ती सुरक्षामा थप सक्रियता ल्याइएको छ, गस्ती तथा निगरानी व्यवस्थालाई अझ सुदृढ बनाइएको छ। साथै, नेपाल र भारतबीचको सीमावर्ती सहकार्यलाई ध्यानमा राखी दुवै देशका सुरक्षाकर्मीहरूको आवागमन आपसी समन्वय, समझदारीमा सञ्चालन गर्नुपर्ने स्पष्ट धारणा कायम गरिएको छ।

छिन्नमस्ता गाउँपालिका स्थानीय सुरक्षाका सवालमा सधैं संवेदनशील, जिम्मेवार र सक्रिय रहँदै आएको छ। सीमावर्ती समुदायवीचको आपसी सम्मान, संयमता र सहकार्यलाई अझ सुदृढ बनाउने दिशामा पालिका निरन्तर प्रतिवद्ध छ। छिन्नमस्ता गाउँपालिका स्थानीय सुरक्षाका सवालमा सधैं संवेदनशील, जिम्मेवार र सक्रिय रहँदै आएको छ। सीमावर्ती समुदायवीचको आपसी सम्मान, संयमता र सहकार्यलाई अझ सुदृढ बनाउने दिशामा पालिका निरन्तर प्रतिवद्ध छ।

......................................

दीपक मेहता

सूचना अधिकारी